मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामनगर,मिर्चैया,सिरहा
मधेश प्रदेश

**मिति २०७८ साल असार ७ गते बसेको ४० औ नगर कार्यपालिका बैठकका प्रस्तावहरु तथा निर्णयहरुः**

मिति २०७८ साल असार ७ गतेका दिन नगरप्रमुख श्री श्रवण कुमार यादव ज्यूको अध्यक्षतामा एवं कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायको बिषयहरु माथि छलफल तथा निर्णय गरि बैठक सम्पन्न गरियो ।

<u>उपस्थितिः-</u>

१.नगर प्रमुख श्री अवण कुमार यादव -अध्यक्ष

२. नगर उप-प्रमुख श्री जिबछि देबी साह -सदस्य

३.वडा अध्यक्ष-१ श्री घनिकलाल यादव -सदस्य

४. वडा अध्यक्ष-२ श्री लक्ष्मेश्वर कापर -सदस्य

५. वडा अध्यक्ष-३ श्री हरिनारायण यादव -सदस्य

६. वडा अध्यक्ष-४ श्री दिनेश कुमार यादव -सदस्य

७. वडा अध्यक्ष-५ श्री धीरेन्द्र कुमार साह -सदस्य

८. वडा अध्यक्ष-६ श्री देवकृष्ण साह -सदस्य

९. वडा अध्यक्ष-७ श्री चिरन्जिबी खतिवडा -सदस्य

१०. वडा अध्यक्ष-८ श्री रामजगत यादव -सदस्य

११. वडा अध्यक्ष-९ श्री श्री मोहन प्रसाद पोखरेल -सदस्य

१२. वडा अध्यक्ष-१० श्री रामचन्द मन्डल -सदस्य

१३. वडा अध्यक्ष-११ श्री कृष्ण कुमार हजाम -सदस्य

१४. वडा अध्यक्ष-१२ श्री तपेश्वर यादव -सदस्य

१५. कार्यपालिका सदस्य श्री भगिरथ साह -सदस्य

१६. कार्यपालिका सदस्य श्री विजय कुमार साह -सदस्य

१७. कार्यपालिका सदस्य श्री निलम कुमारी हाथि -सदस्य

१८. कार्यपालिका सदस्य श्री  कुश्मा देवी साफी  -सदस्य

१९. कार्यपालिका सदस्य श्री  रेखा कुमारी  -सदस्य

२०. कार्यपालिका सदस्य श्री बिनु कुमारी राम  -सदस्य

२१. कार्यपालिका सदस्य श्री  सुजी देवी सदा  -सदस्य

२२. कार्यपालिका सदस्य श्री  उमेश सिंह  -सदस्य

२३.प्र.प्र. अधिकृत श्री श्री डम्बरध्वज आङदेम्बे  -सचिब

**प्रस्ताव न.१.आ.ब १० २०७८/०७५ को नीती, वजेट र कार्यक्रम बारे छलफल सम्बधमा ।**

निर्णय

छलफल हुँदा आजको यस बैठकबाट यस मिर्चैया नगरपालिकाको आ.व. २०७८/०७९ को लागि नीती, बजेट र कार्यक्रम वारे विस्तृत छलफल भई सो नीती, वजेट र कार्यक्रमलाई मिति २०७८/०३/९ गते हुन लागेको नगरसभामा प्रस्तुतीकरण गरी सार्वजनिकीरण गर्ने भनि सर्व सम्मतवाट निर्णय गरियो ।

**प्रस्ताव न.२. विषयगत योजना तथा कार्यक्रम वारे छलफल सम्बन्धमा ।**

निर्णय

मिर्चैया  न.पा. को आ.व. २०७८/०७९ को लागि मिति २०७८- ३-९ गते हुने नगरसभामा मिर्चैया नगरपालिकाका लागी विभिन्न विषयगत योजना तथा कार्यक्रमबारे विस्तृत छलफल गरी नगर सभामा पेश गरि अनुमोदन गर्दै भनि सर्बसम्मतबाट निर्णय गरियो।

**प्रस्ताव न.३. राजश्व परामर्श समितिको सिफारिस तथा सुझाव सम्बन्धमा ।**

निर्णय

यस बैठकबाट यस मिर्चैया नगरपालिकाको आ.ब. २०७८/०७९  को लागि मिति २०७८/०३/०९ गतेका दिन हुने नगर सभामा आन्तरीक आय श्रोत सम्वन्धी राजश्व परामर्स समितिको निर्णय मिति २०७८/०२/२५ गतेको बैठकवाट भएका निर्णय र सिफारिसलाई नगरसभाबाट अनुमोदन गर्ने भनि सर्व सम्मतवाट निर्णय गरियो।

**प्रस्ताव न.४. साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था मिर्चैया र नगर विकास कोषको ऋण ,सम्झौता ,जमानी र थप ऋण सम्बन्धमा ।**

निर्णय

आजको यस बैठकवाट यस मिर्चैया नगरपालिका अन्तर्गत  रहेका मिचैया साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थावीच विगतमा भएको सम्झौता बमोजिम सम्पूर्ण ऋण रकम खर्च भइसकेकोमा मुख्य समायोजन र भेरिएसनको कारण आयोजनाको लागत बढन गएकोले आयोजना सम्पन्न गर्नको लागि थप ऋण रकम  रु

२६,५६,०००/- आबश्यक भएको र उक्त उपभोक्ता संस्थावाट सो थप ऋणको रकमको लागि धन जमानी वसिदिनको लागि अनुरोध भई आएकोमा नगर विकास कोष र उक्त उपभोक्ता संस्था बीच हुने ऋण सम्झौतामा धन जमानी बस्ने निर्णय गरियो र सो धन जमानीमा यस मिर्चैया नगरपालिका तर्फबाट हस्ताक्षर गर्न नगर प्रमुख श्री श्रवण कुमार यादव ज्यूलाई अख्तियारी दिने निर्णय गरियो साथै उक्त थप ऋणको लागि सिफारिस समेत दिने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

**प्रस्ताव न.५.विविध सम्बन्धमा ।**

निर्णय

क. मिर्चैया नगरपालिका-५ गुदरी बजार र धुर्मी बजारको आ.व. २०७६/०७७ र २०७७/०७८ मा लागेको ठेक्कामा कोरोना भाइरसको पहिलो र दोश्रो लहरबाट प्रभावित भई ठेकका रकम छुटको निवेदन आएको हुनाले उक्त मिर्चैया नगरपालिका -५ गुदरी बजार र धुर्मी बजारको ठेकेदारलाई ३/३ महिनाको ठेक अंकको छुट दिने भनि साथै आ.ब. २०७६/०७७ मा पनि ३ महिना छुट दिने निर्णय गरियो ।

ख. मिर्चैया नगरपालिकाको थाना चौक देखि मिर्चैया बजार र मिर्चैया नगरपालिकाको कार्यालय हुँदै जितमाहन मन्दिरको वतहा खोलासम्म जाने वाटो बिच सेन्टरबाट ३०/३० फिट छुट्याई जम्मा ६० (साठी) फिटमा सडक निमाण गर्ने साथै सो क्षेत्र भित्रका ऐलानी,पर्ती सार्बजनिक जग्गामा निर्माण गरिएको सम्पूर्ण संरचना खाली गर्ने र गराउने साथै मिर्चैया नगरपालिका वडा न.५ को साबिक रामनगर-२ क कि.नं. २५६ ज.बि ३-१२-१७ जग्गा नेपाल सरकारको नाउँमा दर्ता कायम रहेकोमा उक्त क्षेत्रमा अतिक्रमण गरी बनेको घर टहरा हटाउने निर्णय गरियो।